दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक २३० | बुटवल | २०८३ भदौ १६ गते, मंगलबार | नेपाल संवत ११४६ | Tuesday September 01, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

## भोटेकोसी बाढी :

# ९ सय बढीको मृत्यु, ४ हजार २४७ सम्पर्कविहीन



### सरकार एक्लै हिंड्दा समस्या : जनमत

बुटवल । रसुवा बाढी प्रभावित क्षेत्र पुगेर काठमाडौं फर्किएका जनमत पार्टीका महासचिव चन्दन सिंहले खोज तथा उद्धारसँगै राहत र विस्थापितको व्यवस्थापन धेरै समस्या रहेको बताएका छन् ।

राहत सामग्री लिएर गएका उनले त्यसको वितरणमा पनि समस्या रहेको बताए । 'बट्टार बजारमा चारपाँच वटा होल्डिङ सेन्टर छन् । त्यहीँ प्रभावितलाई राखिएको छ । तर घरबारविहीन भएका स्थानीयको दीर्घकालीन व्यवस्थापन हुन सकेको छैन,' उनले भने-'घर र बजार नै गुमाएका मानिसलाई पनि होल्डिङ सेन्टरमा राखेर खाना र बस्ने व्यवस्था गर्नुपर्ने देखिन्छ ।'

बट्टार क्षेत्रमा उद्धारका लागि हेलिकप्टरहरू निरन्तर परिचालन भइरहे पनि उद्धारपछि प्रभावितको व्यवस्थापन, आफन्तसँग समन्वय तथा शव पहिचानमा समस्या अनुभव सुनाए ।

नेता सिंहका अनुसार बाढीले घरबारविहीन भएका परिवारमा खाद्यान्नसँगै कपडा र अन्य अत्यावश्यक सामग्रीको समेत अभाव छ । 'साना बच्चाहरू छन् । जसको घरै बगायो । त्यो बगाउँदा मान्छेको आफ्नो आङमा भएको लुगा बाहेक त अरु केही छैन,' सिंह भन्छन्- 'पाँच दिनदेखि एउटै कपडा लगाइरहेका छन् । त्यसैले त्यहाँ खानेकुरा मात्र होइन, कपडा र ओढ्ने ओछ्याउने तत्काल पुऱ्याउनुपर्ने देखिन्छ ।' बाढीपछि खोज, उद्धार, राहत र पुनःस्थापनामा सबै राजनीतिक दललाई सहभागी गराउने उद्देश्यले सर्वदलीय संयन्त्र बनाउने भनिए पनि त्यसको पनि प्रभावकारी कार्यान्वयन हुन नसकेको बताए ।

'फिल्डमा दलीय संयन्त्र र सरकारबिच समन्वय भएको छैन ।'- उनी भन्छन् । सरकारले एक्लै गर्छु भन्दा समस्या भएको उनको ठहर छ ।

### गगनसँग स्थानीयको गुनासै गुनासा

बुटवल । नेपाली कांग्रेसका सभापति गगन थापा बाढी प्रभावित क्षेत्रमा पुगेका छन् । उनी सोमबार बाढी प्रभावित नुवाकोटको विदुर नगरपालिका पुगेका हुन् । विदुर नगरपालिका-३ का एक व्यक्तिले सभापति थापासँग बाढीमा परेर सम्पर्कविहीन भएकाहरूको उद्धारमा ढिलाइ भइरहेको गुनासो गरेका छन् ।

ती व्यक्तिले आफ्ना आफन्त बाढीमा बेपत्ता भइरहेको, सुरुङमा थुनिएको गुनासो गरेका हुन् ।

सभापति थापाले त्रिशूली अस्पताल, होल्डिङ सेन्टर, त्रिशूली बजार, देवीघाट पारी, रडभूमेश्वरी, पावर हाउस, टुप्चेसम्म पुगेर बाढीपीडितहरूको गुनासो सुनेका छन् । सो क्रममा स्थानीय बासिन्दाले संघीय सरकारबाट अपेक्षाकृत उद्धार र राहत पाउन नसकेकोलगायतका गुनासा पोखेका थिए । थापा दर्शन टार, पिपलडाँडा, कुमलटार, कोलनीलगायत ठाउँमा पनि पुगेको सँगै टोलीमा रहेका कांग्रेस विजय ढुंगानाले जानकारी दिए ।

### आफन्तको उद्धार गर्न सरकारले रोकिराख्या छ : ओली

बुटवल । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले सरकारको उद्धारको गतिमाथि प्रश्न उठाएका छन् । सोमबार एमाले उपत्यका कमिटीले उपलब्ध गराएको राहत रकम बुझ्दै ओलीले सरकारले अरूलाई उद्धार गर्न रोकिराखेको आरोप लगाएका हुन् ।

'अरूलाई निजी हेलिकप्टर पनि चलाउन दिएको छैन,' ओलीले भने-'जान्नेहरू छन् त्यहाँ, उद्धार गर्न इच्छुकहरू छन् त्यहाँ । उद्धारका निम्ति तालिम लिएका मान्छे छन्, त्यस्ता मान्छेलाई हेलिकप्टर प्रयोग गर्न दिने हो भने तिनीहरूले काम गर्न पाउने हो भने धेरै काम गर्थे ।'

तर, प्रतिबन्ध लगाएर रोकिदिएको उनले बताए । 'अब रेस्क्यू कहाँकहाँ गर्नुहुन्छ, सुरुङमुनिको रेस्क्यू त हेलिकप्टरबाट हुन्न । त्यहाँ मजदुर रोकेर राखेको बल्ल खुल्या छ ।'

स्थानीय जनताले पनि आफन्तको उद्धार गर्न नपाएको ओलीले आरोप लगाए । 'स्थानीय जनता भनिराख्या छन्, हामीलाई आफन्तहरू खोज्न देउ न । केन्द्रीय सरकारले त्यो रोकिदिया छ ।'- उनले भने । यस्तो अवस्थामा पनि एमालेले आफ्नो स्थानबाट उद्धार तथा राहतको काम गरिरहेको र गरिरहने उनले बताए ।

'हामी सकेसम्म सबैसँग समन्वय गरेर काम गर्न चाहन्छौं, केन्द्रीय सरकारसँग पनि समन्वय गर्न चाहन्छौं,' ओलीले भने-'केन्द्रीय सरकारको कोषमा पैसा जम्मा भएको छ । तर, जनता भोकै छन् ।'

यस्तो अवस्थामा एमालेले दिन खोजेको राहत रकम पनि प्रधानमन्त्री दैवी प्रकोप उद्धार तथा राहत कोषमा जम्मा गर्ने कि आफै पीडितकहाँ पुऱ्याउने भन्ने प्रश्न उठिरहेको उनले बताए ।

### प्रदेश र स्थानीय सरकारसँग समन्वयन गर : कांग्रेस

बुटवल । प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले सरकारलाई रसुवा बाढी प्रभावितको उद्धार, राहत तथा पुनर्स्थापनाका लागि प्रदेश र स्थानीय तहसँग समन्वय गर्न आग्रह गरेको छ । कांग्रेस संसदीय दलले सरकारलाई बाढी प्रभावितको उद्धार, राहत तथा पुनर्स्थापनाका लागि प्रदेश र स्थानीय तहसँग समन्वय गर्न आग्रह हो । सिंहदरबारस्थित संसदीय दलको कार्यालयमा सोमबार बसेको बैठकमा दलका नेता भीष्मराज आङदेम्बेले बाढी प्रभावित क्षेत्रमा पुग्दा तहगत समन्वयको अभाव देखिएको 'ब्रिफिङ' गरेका थिए ।

बैठकका निर्णय सार्वजनिक गर्दै दलले भनेको छ-'नेपाली कांग्रेस संसदीय दलका नेता माननीय भीष्मराज आङदेम्बेज्यूले बाढी प्रभावित क्षेत्रहरुमा पुगेर जानकारी लिनु हुँदा तहगत समन्वयको अभाव देखिएको, उद्दार राहत पुनर्स्थापना व्यवस्थित र प्रभावकारी नभएको भन्ने पीडित स्थानीयको गुनासो रहेको हुँदा यस सम्बन्धमा समन्यायिक ढङ्गले संघ, प्रदेश र स्थानीय तिनै तहका सरकारसंगको समन्वयात्मक रुपमा कार्य गर्न सरकारलाई यो बैठक आग्रह गर्दछ ।'

» बाँकी ३ पेजमा

**लुम्बिनी संवाददाता**
*बुटवल*

रसुवाको भोटेकोसीमा आएको विनाशकारी बाढीमा परी हालसम्म ९०३ जनाको मृत्यु भएको छ भने ४ हजार २४७ जना अझै सम्पर्कविहीन छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सोमबार बिहान ९ बजे सार्वजनिक गरेको खोज, उद्धार तथा राहतसम्बन्धी अद्यावधिक विवरणअनुसार बाढीमा २६७ जना घाइते भएका छन् ।

प्राधिकरणका अनुसार विभिन्न जिल्लामा फेला परेका मृतकको विवरणमा रसुवामा २४, नुवाकोटमा ५९, धादिङमा ५५, गोरखामा ६२, नवलपरासी पूर्वमा २०७, नवलपरासी पश्चिममा १५१, तनहुँमा ३७ र चितवनमा २९२ जना रहेका छन् । विभिन्न स्थानबाट फेला परेका मानव अंगसमेत जोड्दा मृतकको संख्या ९०३ पुगेको प्राधिकरणले जनाएको छ ।

बाढीपछि खोज तथा उद्धारका लागि २० हजार ६८९ सुरक्षाकर्मी परिचालन गरिएको छ । तीमध्ये नेपाल प्रहरीका ७ हजार ६९४, नेपाली सेनाका ८ हजार ७९२ र सशस्त्र प्रहरी बलका ४ हजार २०३ जना छन् ।

हालसम्म १० हजार ४५९ जनाको उद्धार गरिएको छ । उद्धारका लागि हालसम्म ४११ पटक हवाई उडान गरिएको छ भने सोमबार मात्रै १७ वटा उडान गरिएको प्राधिकरणले जनाएको छ । नेपाली सेनामार्फत् हवाई उद्धार गरिएकामध्ये २५२ जना विदेशी र ३ हजार ३४४ जना नेपाली रहेका छन् । भदौ १४ गते हाइडबोटबाट १५ जना चिनियाँ र ७ जना भारतीय नागरिकको समेत उद्धार गरिएको विवरणमा उल्लेख छ ।

बाढीमा घाइते भएका २६७ जनामध्ये १५६ जना डिस्चार्ज भइसकेका छन् । प्रभावित क्षेत्रमा उपचारका लागि ६ वटा सर्जिकल मेडिकल टिम परिचालन गरिएको छ । प्राधिकरणको विवरणअनुसार जलविद्युत् आयोजनाबाट मात्रै ९३३ जना सम्पर्कविहीन छन् । त्यस्तै मकवानपुरबाट ६५ जना, सम्पर्कविहीन विदेशी नागरिक ५९२ जना, विदेशी पर्यटकसँग घुम्न गएका नेपाली १३७ जना तथा लाङटाङ राष्ट्रिय निकुञ्ज र क्वारेन्टाइन कार्यालयका क्रमशः ३/३ जना सम्पर्कविहीन रहेको विवरणमा उल्लेख छ ।

**सरकारबाट ९ करोड २५ लाख राहत**

बाढी प्रभावित क्षेत्रमा सरकारले हालसम्म ९ करोड २५ लाख रुपैयाँ नगद राहत उपलब्ध गराएको छ । रसुवालाइ १ करोड, नुवाकोटलाई १ करोड, धादिङलाई ५० लाख तथा प्रभावित १५ पालिकालाई ६ करोड ७५ लाख रुपैयाँ उपलब्ध गराइएको प्राधिकरणले जनाएको छ ।

राहत सामग्रीतर्फ हालसम्म ३७ ट्रक र ३४ बोलेरोमार्फत प्रभावित क्षेत्रमा खाद्यान्न तथा गैरखाद्य सामग्री पठाइएको छ । हेलिकप्टरमार्फत् पनि खाद्यान्न, गैरखाद्य तथा स्वास्थ्य सामग्री पठाइएको छ । भदौ १४ गते रसुवाका लागि स्थलमार्ग तथा हवाईमार्गबाट पोर्टेबल जेनेरेटरसहित खाद्यान्न तथा गैरखाद्य सामग्री पठाइएको थियो । नुवाकोटमा समेत १६ वटा सवारीसाधन तथा हेलिकप्टरमार्फत् राहत सामग्री परिचालन गरिएको प्राधिकरणले जनाएको छ । बाढी प्रभावित क्षेत्रमा इन्धनको मौज्दाततर्फ डिजेल २५ हजार लिटर, पेट्रोल २१ हजार लिटर र हवाई इन्धन १० हजार लिटर रहेको विवरणमा उल्लेख छ ।

» बाँकी ३ पेजमा

## रूख काटेर हिनामिना गरेको आरोपमा नौ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

बुटवल । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सडक क्षेत्रमा रहेका सरकारी स्वामित्वमा रहेका रुख कटान गरेर हिनामिना गरेको अरोपमा नौ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

पूर्व-पश्चिम राजमार्गको भालुवाङ-लमही सडकखण्डमा सरकारी स्वामित्वका दुई हजार ७२४ वटा रुख कटान गरी ४० हजार ५५५ घनफिट काठ हिनामिना गरेको आरोपमा सडक र वन कार्यालयका अधिकारी, गाउँपालिका अध्यक्ष तथा वडाध्यक्षसहित ९ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरिएको हो ।

आयोगले सडक डिभिजन कार्यालय दाङका कार्यालय प्रमुख रामपुकार जयसवाल र डिभिजन वन कार्यालय दाङ (देउखुरी) का तत्कालीन वन अधिकृत राजु क्षेत्री, राप्ती गाउँपालिकाका अध्यक्ष प्रकाश बिष्ट, दुई वडाध्यक्ष र अन्य व्यक्तिविरुद्ध विशेष अदालतमा आरोपपत्र दायर गरेको छ । अख्तियारका अनुसार कटान गरिएका काठको मूल्य ८१ लाख ३७ हजार ९ सय रुपैयाँ बराबर रहेको छ । आयोगका अनुसार राप्ती गाउँपालिका-१ पाखापानीदेखि लमही नगरपालिका-४ अर्नहवासम्म पूर्व-पश्चिम राजमार्गको दायाँ-बायाँ सडक क्षेत्राधिकारभित्र रहेका सिमल, सिसौलगायत विभिन्न जातका २ हजार ७२४ वटा रुख कटान गरिएको अनुसन्धानबाट खुलेको छ ।

सडक क्षेत्रभित्रका जोखिमयुक्त रुख हटाउने विभागीय प्रक्रिया अघि बढिरहेको अवस्थामा सम्बन्धित पदाधिकारीको मिलेमतोमा कानुनी प्रक्रिया पूरा नगरी रुख कटान तथा काठ ओसारपसार गरिएको अख्तियारको आरोप छ । अख्तियारले सडक डिभिजनले सार्वजनिक सडक ऐन, २०३१ बमोजिम छानबिन समिति वा अनुसन्धान अधिकृत तोकेर प्रक्रिया अघि नबढाएको तथा वन कार्यालयले आफ्नो क्षेत्राधिकारभित्र अनधिकृत रूपमा रुख कटान हुँदा नियन्त्रणको प्रयास नगरेको जनाएको छ । पालिका तथा वडा कार्यालयले समेत सरकारी सम्पत्ति संरक्षणका लागि आवश्यक संयन्त्र परिचालन नगरी बदनियतपूर्वक कार्यमा सहयोग गरेको आयोगको ठहर छ ।

**कसलाई कति बिगो ?**

» बाँकी ३ पेजमा

## सुस्ता थारू टोलमा नदी कटान, २० बिघा उखु खेती डुब्यो



नवलपरासी । नारायणी नदीमा आएको बाढीपछि सीमावर्ती सुस्तामा नदी कटान तीव्र हुँदा खेतीयोग्य जमिन र बस्ती जोखिममा परेका छन् । सुस्तामा निर्माण गरिएको बाँध भत्किएपछि करिब २० बिघा क्षेत्रफलमा लगाइएको उखु तथा धानबालीमा क्षति पुगेको स्थानीयले बताएका छन् ।

सुस्ताको थारू टोलका ४४ वर्षीय जोगिन्दर थारूको १५ बिघा खेतमा लगाइएको उखुबाली नदी कटानमा परेको छ । उखुखेती नै आफ्नो परिवारको मुख्य आम्दानीको स्रोत रहेको बताउने थारूले बाली नष्ट भएपछि आयको मुख्य आधार नै गुमेको बताए ।

बाँध भत्किएपछि नारायणीको पानी बस्ती तथा आसपासका कृषि क्षेत्रमा पसेको छ । नदीले निरन्तर जमिन कटान गरिरहेकाले खेतीयोग्य जमिन मासिने क्रम जारी रहेको स्थानीयको भनाइ छ । सुस्ता बचाउ अभियानसँग लामो समयदेखि जोडिएका अवधेश कुशवाहाका अनुसार नदीको कटान अहिले थारू टोलबाट करिब ८० मिटरको दूरीमा पुगेको छ । कटान नरोकिए बस्तीसमेत विस्थापित हुने जोखिम बढेको उनले बताए ।

स्थानीयले घर तथा गोठका सामान सुरक्षित स्थानमा सार्न थालेका छन् । नदीको पानीको सतह सामान्य रूपमा बढ्दा पनि बस्तीमा पानी पस्ने अवस्था रहेको उनीहरूको भनाइ छ । कटानका कारण केही साना घर तथा छाप्रासमेत जोखिममा परेका छन् भने सडक र बस्तीमा लेदो मिसिएको पानी जमेको छ ।

स्थानीयले विपद्को अवस्था गम्भीर बन्दै जाँदा पनि सरकारी निकायको प्रभावकारी उपस्थिति र उद्धार तथा नियन्त्रणका प्रयास पर्याप्त नभएको गुनासो गरेका छन् । कुशवाहाले सरकारी तथा स्थानीय तहका प्रतिनिधिहरू अवलोकन र फोटो खिच्न आउने गरे पनि संकट समाधानका लागि ठोस काम नभएको आरोप लगाए ।

» बाँकी ३ पेजमा

सिद्धार्थ पब्लिकेशन(प्रा.लि.)द्वारा प्रकाशित
विश्वसनीय समाचारको विश्वासिलो साथी
दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक
अनलाइन संस्करण lumbinipatrika.com
स्वतन्त्र र निष्पक्ष
जनताको लोकप्रिय पत्रिका
निजी क्षेत्रबाट निरन्तर प्रकाशित नेपालको राष्ट्रिय दैनिक 'दैनिक लुम्बिनी' सत्य, तथ्य र विश्वसनीय समाचारको माध्यमबाट जनअपेक्षी समाज र समृद्ध राष्ट्र निर्माणमा समर्पित ।
स्वतन्त्र
कुनै पनि राजनीतिक वा आर्थिक स्वार्थबाट स्वतन्त्र रही सत्यको पक्षमा ।
निष्पक्ष
सबै पक्षलाई समान दृष्टिले हेर्ने निष्पक्ष र वस्तुनिष्ठ पत्रकारिता ।
जनताको लोकप्रिय
जनतासँग नजिक, जनताको कुरा उठाउने, जनविश्वासको प्रतिक ।
तथ्यपरक समाचार, गहन विश्लेषण र सशक्त सम्पादकीयका साथ
तपाईंको भरोसा, हाम्रो प्रतिबद्धता
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाचार | गहन विश्लेषण र अनुसन्धान | समाज, अर्थतन्त्र, राजनीति, शिक्षा, स्वास्थ्य र खेलकुद | फोटो समाचार र विशेष रिपोर्ट | विचार, सम्पादकीय र साहित्य
सम्पर्क | ०७१-५३०६४०, ५३७६४० | WWW.lumbininews@gmail.com | बुटवल-११, माझगाउँ रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

## सम्पादकीय

# विपतपछिको स्वास्थ्यसेवा प्रभावकारी बनाऊ

यतिखेर भोटेकोसी बाढीबाट प्रभावितको उद्धार र राहतको काममा सरकार जुटेको छ। मृत्यु हुनेको संख्या ९ सय नाघेको छ। बेपत्ता हुनेको संख्या यकिन नभए पनि अहिलेसम्म ४ हजारभन्दा बढी बेपत्ता छन् । मृत्युको पहिचान हुन सकिरहेको छैन । राज्यले लाश व्यवस्थापन गर्न नसक्दा डिएनए संकलन गरी कुनै निश्चित ठाउँमा लास गाडेर व्यवस्थापन थालेको छ। सम्पर्कमा नआएका व्यक्तिका आफन्त पाए सास नपाए लास चाहियो भन्दै प्रहरी, सेनाको व्यारेक र विभिन्न अस्पताल धाइरहेका छन् । बाँचेकाहरुले व्यवस्थित ढंगले राहत पाउन सकिरहेका छैनन् । त्योभन्दा पनि विपतपछि आउने महामारीमा चनाखो बन्नुपर्ने भएको छ।

बेपत्ताको संख्या धेरै भएकोले उनीहरुमध्ये धेरै जीवित रहने सम्भावना न्यून छ । उनीहरुको शव विभिन्न ठाउँमा छरिएका हुनसक्छन् । मान्छे मात्रै नभएर विभिन्न पशुपंक्षीको पनि मृत्यु भएको छ। उनीहरुको दुर्गन्ध र बढाउने प्रदूषणले निम्त्याउने जोखिम छ। बाँचेकाहरुको वासस्थानमा सरसफाईको अभाव हुन सक्छ। ओढ्ने र ओछ्याउने कपडाको अभावमा चिसोले निमोनिया लगायतको संक्रमण हुनसक्छ। एकातिर संक्रामक रोग फैलिन नदिन सचेत हुन आवश्यक छ। सरसफाइको कमीले झाडापखाला र टाइफाइडको संक्रमण हुन सक्छ । समुदायमा हैजा फैलिनसक्छ । यी संक्रामक रोग नियन्त्रण गर्न अहिलेदेखि नै अभियान चलाउनुपर्छ। अहिले सचेत नहुने, तर बिरामीको चाप बढेपछि सक्रिय बन्दा जोखिम धेरै हुन्छ। जसले धेरैको ज्यान जानसक्छ । संक्रामक रोग नियन्त्रणका लागि जति पहलकदमी आवश्यक छ, नसर्ने रोग नियन्त्रणमा पनि सरकार जिम्मेवार बन्नुपर्छ।

नेपालको रोगको भारसम्बन्धी अध्ययनअनुसार कुल मृत्युमा नसर्ने रोगको हिस्सा १९९० मा करिब ३१ प्रतिशत रहेकामा २०१९ सम्म आइपुग्दा करिब ७१ प्रतिशत पुगेको थियो। त्यसैले अहिले नेपालमा विपद् व्यवस्थापन केवल कीटजन्य तथा संक्रामक रोग, चोटपटक र खानेपानी तथा सरसफाइको दृष्टिकोणबाट मात्र योजना बनाएर पर्याप्त हुँदैन। नेपालमा विगतका विपतपछि स्वास्थ्य सेवा प्रभावकारी बनाउन नसक्दा कैयौंले ज्यान गुमाएको तथ्याङ्क छ। संक्रामक रोग नियन्त्रणको लागि सरसफाइको व्यवस्था र सामूहिक बसोबास राम्रो बनाउन जति आवश्यक छ, नसर्ने रोग नियन्त्रणको लागि औषधीको व्यवस्थापन सहजै मिलाउनुपर्छ । मनोपरामर्शले पनि व्यक्तिलाई नकारात्मकताबाट सकारात्मक बनाउन सक्छ । व्यक्ति सकारात्मक बन्दा शरीरमा शक्ति र उर्जा आउँछ। सबैखाले रोगसँग जुध्न सक्छ। अहिले बाढीप्रभावित क्षेत्रमा मनोपरामर्शकर्ता खटाएर विगतमा तड्पिएर होइन्, भविष्यप्रति आशावादी भएर बाँच्न प्रेरित गर्न राज्यको योजनाबद्ध पहलकदमीको खाँचो छ।

# प्रकृतिको ताण्डवको सन्देशः राष्ट्रिय स्तरमा सहमति र सहकार्य आवश्यक



युवराज घिमिरे

प्रकृति सधैं करूणामयी र सहनशील हुने गर्दो रहेनछ। प्राकृतिक विपद एउटा 'अर्ली वार्निङ' हो र उसलाई नजिस्क्याउने गरी सह-अस्तित्वको मार्ग खोज्नु हाम्रो राष्ट्रिय कर्तव्य बन्न पुगेको छ। तर, त्यो विपद र राष्ट्रमा निम्त्याइएका राजनीतिक अस्थिरताबिच सामञ्जस्य खोज्दै वृहत् सहमति र सहकार्यले यो दायित्वलाई सहज बनाउनेछ।

मुलुक अति संकटपूर्ण प्राकृतिक प्रकोपको सिकार बनेको छ । केही दशकयता विश्वस्तरमा शक्ति राष्ट्रहरूबिच र हरेक मुलुकमा आन्तरिक रूपमा बहस भइरहेको जलवायु परिवर्तन र 'ग्लोबल वार्मिङ' को असर कुन रुपमा र कुन अनुपातमा देखा पर्ने हुन् भविष्यमा, भन्न कठिन छ।

तर, बुधबार तिब्बतको केरुङमा लेण्डे खोलामा हिमताल फुटी भोटेकोशी हुँदै त्रिशूली नदीमा प्रवाहित बाढीले रसुवा, नुवाकोट र धादिङलगायत जिल्लामा मच्चाएको ताण्डव भावी प्रलयको प्रारम्भिक अवस्था त हैन ? भन्ने त्रासदी उत्पन्न भएको छ।

कति विनाश र जनधनको क्षति भएको छ, कसरी तिनीहरूको उद्धार र पुनःस्थापना सुरनिश्चित गर्ने हो, यी तत्कालका उच्च प्राथमिकतापूर्ण दायित्व हुन् सरकार र समाजका लागि।

तर, विश्वस्तरीय नीति र व्यवहारबाट उत्पन्न हुने भावी विनाशको अवश्यंभावितालाई न्यून गर्न र त्यो समस्या उत्पन्न हुनुमा योगदान पुऱ्याउने विकसित र औद्योगिक रुपमा समृद्ध मुलुकको नैतिक र सबै किसिमको दायित्व सुनिश्चित गर्न भएका र हुने सहमतिलाई कसरी कार्यान्वयन गर्ने आगामी दिनमा प्रभावित मुलुक समूहको साझा तथा प्रभावकारी एजेण्डा बन्नेछ।

सायद नेपालजस्ता मुलुकका लागि आफ्नो भूगोल तथा अखण्डता रक्षा र जनधनको सुरक्षा कूटनीतिको सर्वाधिक महत्वपूर्ण प्राथमिकता बन्नुपर्ने छ । प्राकृतिक प्रकोपका बेला तत्काल विदेशी र दाताहरूको सहयोग ओइरिने गर्छ । तर, वितरण र पीडित पहिचानको सक्षम संयन्त्रसम्बन्धी नीतिको अभाव र कोभिड महामारीमा जस्तै पारदर्शी भ्रष्टाचारको प्रवेशले राज्यलाई पतनको मार्गमा धकेल्नेछ।

प्रलयको डिलमा बसेकाहरूको पीडा र अस्तित्वप्रति संवेदनशीलता नदेखाइँदा उपेक्षाको आगोले अर्को ठूलो आक्रोश जन्माउन सक्छ। त्यस अवस्थामा तत्काल प्रभावकारी खोजी, उद्धार र सुरक्षित पुनःस्थापन पहिलो आवश्यकता हो।

नेपाली सेना प्रहरी, सशस्त्रलगायतका निकायले त्यसमा अग्रता लिएका छन् र ज्यान गुमाएरै पनि उनीहरूले त्यो कर्तव्य पारायणमा प्रस्तुत गरेका छन् । तर, राजनीतिक नाइकेहरूले यो अभियानलाई सस्तो व्यक्तिगत लोकप्रियता नाफा र मगन्ते कूटनीतिका लागि प्रस्तुत गर्ने कोशिश गरेमा त्यो कर्तव्यपारायणता अपमानित हुन पुग्छ । अनि खोजी उद्धार र पुनःस्थापनाको यो अभियानमा राजनीतिक अनुहारहरूको उपस्थिति प्रत्युत्पादक बन्न सक्छ।

यो बेला राजनीति अस्थिर छ । सत्ताका विधिवत् नाइकेले मुलुकप्रतिको कर्तव्य र दायित्व प्रदर्शन गर्नुभन्दा असान्दर्भिक रूपमा 'कालोचश्मा' लगाएर संसदमा जान पाउनुपर्ने प्रमाण निर्माण गर्दैछन्।

वर्तमान र भविष्यमा नेपालमा कुनै बालबालिका असुरक्षित र यौन तथा अन्य हिंसाबाट प्रताडित नहुन् भनी सुनिश्चित गर्ने दायित्व सरकार, प्रतिपक्ष, प्रशासन र समग्र समाजको हो।

त्यस्ता हिंसाका कारण र पृष्ठभूमि अनि त्यसले नेपालको छविमा पार्ने असरबारे फरक-फरक व्याख्या हुन सक्छन्, तर हरेक 'पीडित' को पीडालाई सम्मानसाथ हेर्दै न्याय सुनिश्चत गर्न अनि पीडकलाई दण्ड दिन हिच्किचाउने सरकारी परम्पराको निरन्तरताले राज्यलाई कमजोर र अविश्वसनीय बनाउनेछ ।

एउटा जघन्य अपराधका पीडित गरिमा चौधरीका बाआमालाई उच्च आसनमा राखी गृहमन्त्री भुइँमा बसेर न्यायको आश्वासन दिनु हल्का मजाक मात्र बन्न जान्छ । पीडामा रहेकाहरूका लागि त्यसले कुनै विशेष अर्थ राख्नुको सट्टा मजाक बन्न जान्छ।

प्रतिपक्षी नेपाली कांग्रेस विभाजित छ। आपसमा मिलेर आफ्नो स्थापना र त्यसपछि उसले बोकेका आदर्श सिद्धान्त अर्थात् राष्ट्रिय, स्वाभिमान, स्वतन्त्र नेपाल र लोकतन्त्रमा आधारित मुलुक निर्माण र अक्षुण्ण स्वतन्त्रताका लागि नायकत्व लिएको राजसंस्थालाई निषेध गर्दा ऊ स्वयं बिलाउने अवस्थामा पुगेको छ। संवैधानिक राजसंस्था र प्रजातान्त्रिक परिपाटी अर्थात् जनताद्वारा निर्वाचितले शासन गर्ने भन्दा अर्को व्यवस्था उत्तम हुन सक्दैन नेपालमा । तर, नेपाली कांग्रेसका घटकहरू विना बहस स-साना पसलमा परिणत भएका छन्, पसलेहरूको नेतृत्वमा। हिजोका ठूला राष्ट्रिय नेता साना राजनीतिक पसले भएका छन्।

देउवा कांग्रेसभित्र विमलेन्द्र निधि स्थानीय मत हासिल गर्न अयोध्यामा राममन्दिर निर्माणमा शालिग्राम पठाउने नेतृत्व लिन सक्छन् तर बाह्य दबाबमा हिन्दु समाजलाई विभाजित तथा विखण्डित गर्दै अल्पसंख्यामा झार्ने स्पष्ट नियतका साथ लादिएको धर्मनिरपेक्षतामा पुनर्विचार हुनुपर्छ भन्ने मान्यताको विरोधलाई आफ्नो राजनीतिक अस्तित्वको सञ्जीवनी मान्छन्।

उनी उपप्रधानमन्त्री हुँदा पराराष्ट्रमन्त्रीको हैसियतमा रहेका महेन्द्रबहादुर पाण्डेले निधिमाथि आफ्नो राजनीतिक हैसियत उकास्न विदेशी राजनीतिज्ञ गुहारेको आरोप लगाएका छन् सार्वजनिक रुपमा।

नेपाल एकीकरणको र स्वतन्त्रतामा नेतृत्वदायी भूमिका खेलेको राजसंस्थाबारे उनकै पिताजी महेन्द्रनारायण निधिलगायत कांग्रेसी नेताको एकमत थियो। आयातित गणतन्त्र, धर्मनिरपेक्षता तथा संघीयताबारे विचार हुन नहुने मान्यता राख्नुमा निधि र उनीजस्ताको यताको बाध्यताबारे कांग्रेस, शेरबहादुर देउवा र गगन दुवै समूहमा बहस हुन जरुरी छ। राजनीतिमा बाह्य भूमिकाबारे प्रस्ट नभएमा गगन थापा देउवाभन्दा पहिले असान्दर्भिक बन्नेछन्।

धर्मको किनबेचद्वारा परिवर्तनको अधिकार र नियोजित अभ्यासलाई धर्म निरपेक्षता मान्ने र प्रकृतिपूजाको या 'एनिमिजम' को अभ्यासमा वैदिक, सनातनी मान्यतालाई बाहिर राखी सामाजिक वैमन्यश्यतालाई धर्मनिरपेक्षताको अवधारणा र मान्यताका रुपमा प्रस्तुत गर्न हास्यास्पद र प्राज्ञिक तथा समाजशास्त्रीय हिसाबले अपराध हो । 'नारायणे तिष्ठते सर्वकाले' भन्ने मान्यतासाथ पिपल, वर र पारिजात तथा शालिग्राम अनि पवित्र नदीहरूको पूजा एउटा साझा सभ्यता र अभ्यास हो नेपाली समाजको। देउराली, पालेको वन पर्यावरण संरक्षणप्रति प्रारम्भिक देन हुन् प्रकृतिपूजकहरूको।

त्यसमा किराँत, राई, लिम्बू, हिन्दू बौद्ध प्राग् वैदिक विभाजन छैन। जलवायु परिवर्तनको वर्तमान चुनौती खेप्दा यी मान्यतालाई प्रकृति संरक्षणको राष्ट्रिय नीति र सहकार्यको आधार बनाउनु प्रकृतिप्रतिको संवेदनशीलता र विद्यमान तथा भावी चुनौतीलाई राष्ट्रिय रुपमा स्वीकार गरेको मानिनुपर्छ।

तर, अंग्रेजीबाट उल्था गरेर 'प्रकृति प्रेम' र 'प्रकृति वाद' लाई खण्डित गर्दै सामाजिक विभाजनको प्रयास गर्नु अपराध हो।

सनातनी धर्म र त्योसँग जोडिएका मान्यतालाई अस्वीकार गर्ने, निषेध गर्न र उनीहरूको संख्यात्मक हैसियतलाई कमजोर पार्न धर्मनिरपेक्षतामार्फत धर्म परिवर्तन नेपाली समाजप्रतिको अपराध हो । कथित धर्मनिरपेक्षताबारे संसदमा बहससमेत हुन नदिइएको अवस्था र अनुभवलाई त्यो षड्यन्त्रसँग जोडेर हेरे मात्र बृहत् राजनीतिक समीक्षा सार्थक हुनेछ।

लेण्डे हिमताल फुटेपछि भोटेकोशी र त्रिशूली नदीले लिएको विनाशकारी आयामलगतै पूर्व राजा ज्ञानेन्द्र शाहले तात्कालिकसँगै दीर्घकालीन रूपमा यस्ता क्षति नियन्त्रण गर्न चीन, नेपाल र भारतबीच त्रिपक्षीय प्रभावकारी संयन्त्र निर्माण हुनुपर्ने सुझाव दिएका छन्। नेपाल एकीकरणयता उसको स्वतन्त्र हैसियतको संरक्षणका लागि नेतृत्वदायी भूमिका खेलेको संस्थाको प्रतिनिधिले नेपाली प्रवृत्ति, भूगोल र जनधनको क्षतिप्रति समवेदनशील हुनु या अडान लिनु स्वाभाविक हो।

भारतको एन डी टिभीद्वारा आयोजित कार्यक्रममा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने तथा कांग्रेस सभापति गगन थापाले राजा ज्ञानेन्द्रको त्यो अभिव्यक्तिलाई आ-आफ्ना हिसाबले उडाए। सामान्यतया राष्ट्रको संरक्षक तथा अभिभावक संस्था सत्ता र प्रतिपक्षका प्रमुखको साझा मान्यता र राष्ट्रिय सहमतिको आधार बन्न जान्छ।

राष्ट्रिय सहमतिका अनिवार्य आधार हो । तर, राष्ट्रिय स्वाभिमान र स्वतन्त्रताको मूल्यमा विदेशी हस्तक्षेप निम्त्याएर ल्याइएको ०६३ को परिवर्तनका शक्तिहरूले बाह्य हस्तक्षेप तथा स्वार्थलाई चुनौती दिन या अस्वीकार गर्न सक्दैनन्।

यो विडम्बनाबाट प्रधानमन्त्री वालेन्द्र शाह निस्केर राष्ट्रिय सहमति निर्माणमा अगुवाइ गर्न चाहेमा मुलुक संकटबाट समाधानको राजमार्गमा अगाडि बढ्नेछ। कालो चश्मा र त्योसँग जोडिएको विषयलाई प्रतिष्ठा बनाउँदा अर्को सम्भाव्यता खल्बलिन्छ।

दम्भ क्षणिक र अर्थहीन कुरा हुन्। यो बाढीले कैयौं घर हुनेहरू घरबार तथा सम्पत्तिविहीन र असुरक्षित बनी खण्डित सडकमा पुगेका छन् । एउटा नागरिकले सुरक्षित महसुस गर्दा प्रधानमन्त्री र मुलुक सुरक्षित र संरक्षित बन्न पुग्छ।

राजा अशोकले कलिङ युद्धको रक्तपातबाट र युवराज सिद्धार्थले सत्य पत्ता लगाउन सत्ता, शासन विलाशिता त्यागेको पाठ सबैले पढेका छन् । वालेन्द्र शाहलाई यसले अलिकति पनि प्रभावित गऱ्यो भने यो प्राकृतिक प्रकोप एउटा अर्को अवसर बन्न सक्छ आदर्श, स्वाभिमानपूर्ण र स्वशासनको लक्ष्यतर्फ।

अहिलेसम्म ६ सय जना हताहत भएको समाचार पुष्टि भएको छ। योभन्दा कैयौं बढीको सुरक्षा निकायले सुरक्षित उद्धार पनि गरेका छन्।

सम्भवतः जनधनको क्षति त्यही क्षेत्रमा ११ वर्षअघिको भुइँचालोभन्दा बढी हुन सक्छ जुन सबै तथ्य बाहिर आएपछि स्पष्ट हुनेछ।

तर, प्रकृति सधैँ करुणामयी र सहनशील हुने गर्दो रहेनछ । प्राकृतिक विपद एउटा 'अर्ली वार्निङ' हो र उसलाई नजिस्क्याउने गरी सह-अस्तित्वको मार्ग खोज्नु हाम्रो राष्ट्रिय कर्तव्य बन्न पुगेको छ। तर, त्यो विपद र राष्ट्रमा निम्त्याइएका राजनीतिक अस्थिरताबिच सामञ्जस्य खोज्दै वृहत् सहमति र सहकार्यले यो दायित्वलाई सहज बनाउनेछ।

देशसञ्चारबाट

# नेप्से परिसूचक ४३ अङ्कले घट्यो



काठमाडौं । धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक सोमबार दोहोरो अङ्कले घटेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ४३ दशमलव ८९ अङ्कले घटेर दुई हजार ५१३ दशमलव ४२ मा पुगेको छ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक छ दशमलव ६८ अङ्कले घटेर ४४४ दशमलव ४३ मा पुगेको छ । फ्लोट सूचक तीन दशमलव शून्य दुई अङ्कले घटेर १७२ दशमलव २४ मा पुगेको छ भने सेन्सेटिभ फ्लोट सूचक दुई दशमलव ४१ अङ्कले घटेर एक सय ४९ दशमलव ७७ मा पुगेको छ।

विभिन्न कम्पनीका ९३ लाख २२ हजार १८५ कित्ता सेयर रु तीन अर्ब ६४ करोड ८६ लाख नौ हजार ८७८ मूल्यमा खरिद बिक्री भएको छ । १३ उपसमूहमध्ये एउटा उपसमूहको सेयर मूल्य बढेको छ भने १२ उपसमूहको मूल्य घटेको छ। २१ कम्पनीको सेयर मूल्य बढेको, २५३ कम्पनीको सेयर घटेको र चार कम्पनीको सेयर स्थिर रहेको छ।

नेप्सेका अनुसार उपकार लघुवित्त, घोराही सिमेन्ट एनआइसी एसिया डिबेञ्चरका लगानीकर्ताले कमाएका छन् भने मैलुङ खोला जलविद्युत् कम्पनी, रसुवागढी हाइड्रोपावर एमबिएल इक्युटि फण्डका लगानीकर्ताले गुमाएका छन्।

# भाइरल ज्वरो र मौसमी रूघाखोकी कसरी चिन्ने ?

पछिल्लो केही दिनयता भाइरल ज्वरो र मौसमी रुघाखोकीका बिरामी बढ्न थालेका छन् । ज्वरो आउने, टाउको तथा हातखुट्टा दुख्ने र रुघाखोकी लाग्नेजस्ता लक्षणका बिरामी उपचारका लागि अस्पताल पुग्ने गरेका हुन्।

मनसुनका कारण ज्वरो र रुघाखोकी लागेर अस्पताल तथा स्वास्थ्य संस्थाहरूमा पुग्ने बिरामीको संख्या बढ्दो क्रममा रहेको सरुवा रोग विशेषज्ञ डा. शेरबहादुर पुन बताउँछन्।

उनका अनुसार मौसमी रुघाखोकी र भाइरल ज्वरो दुवै भाइरसका कारण हुन्छन्। मौसमी रुघाखोकीमा मुख्यतया नाकबाट पानी बग्ने, हाच्छ्यूँ आउने र सामान्य वा हल्का ज्वरो आउँछ। भाइरल ज्वरोमा भने शरीर भारी हुने, कडा वा उच्च ज्वरो आउने, टाउको तथा हाडजोर्नी र मांसपेशी दुख्नेजस्ता लक्षणहरू बढी देखिन्छन्।

**मौसमी रुघाखोकी**

नाक बन्द हुने वा बाक्लो सिँगान बग्ने।

लगातार हाच्छ्यूँ आउने।

घाँटी खसखस हुने वा दुख्ने।

हल्का वा सामान्य ज्वरो आउने।



शरीरमा सामान्य थकान महसुस हुने।

भाइरल ज्वरो एक्कासि उच्च ज्वरो आउने।

शरीर, जोर्नी र मांसपेशीहरू असाध्यै दुख्ने।

कडा टाउको दुखाइ र चक्कर लाग्ने।

खान मन नलाग्ने र बढी नै कमजोरी हुने।

कतिपयलाई बान्ता हुने वा झाडापखाला लाग्नेजस्ता पेटसम्बन्धी समस्या देखिने।

**अपनाउने सामान्य सावधानी तथा उपायहरू**

झोलिलो पदार्थः मनतातो पानी, सुप, कागती पानी र जुस प्रशस्त मात्रामा पिउने।

**आरामः**

शरीरलाई पूर्ण रूपमा आराम दिने।

**घरायसी उपचारः**

ज्वरो वा टाउको दुखेमा सिटामोल खान सकिन्छ। चिकित्सकको सल्लाहबिना अनावश्यक एन्टिबायोटिक प्रयोग गर्नु हुँदैन।

खानपानः पोषिलो र ताजा खाना खाने।

**कहिले अस्पताल जाने ?**

३ दिनभन्दा बढी समयसम्म लगातार उच्च ज्वरो नघटेमा।

श्वास फेर्न गाह्रो भएमा वा छाती दुखेमा।

असाध्यै बढी कमजोरी भई उठ्न नसक्ने भएमा तुरुन्त नजिकैको स्वास्थ्य संस्था वा अस्पतालमा सम्पर्क गर्ने।

स्वास्थ्य खबरबाट

# छोराको प्रतीक्षामा वर्षौं बिताएका आमाहरू...



तुलसीपुर। दाङको तुलसीपुर उपमहानगरपालिका-१२ हेमनगर निवासी टीका डाँगीले छोराको बाटो हेरेको लामो समय भयो। आँखा टट्टाइसकेको छ। आशा धुमिल बन्दै गएको छ, तर मनको कुनामा झिनो आशा भने अझै बाँकी छ। उनी अहिले ८० वर्ष पुगिन्। तर, अहिलेसम्म छोराको कुनै अत्तोपत्तो छैन। विसं २०५८ पुसदेखि सम्पर्कविहीन भएका उनका छोरा ओवीराम डाँगीको अहिलेसम्म कुनै खबर नआए पनि उनले आशा भने मारेकी छैनन्।

"ढोका ढकढक गर्दा पनि छोरो आयो कि जस्तो लाग्छ, मुसा कराउँदा पनि छोराकै याद आउँछ", उनले भनिन्-"मेरो कपाल फुलेर सेताम्मे भइसक्यो, तर अहिलेसम्म केही पत्तो लागेको छैन।"

बुढेसकालको सहारा होला भनेर छोरालाई इन्जिनियर पढाएको डाँगीले सुनाइन्। तर, बुढेसकालमा झन् एक्लिएर बस्नुपर्दा उनलाई दुःख लागेको छ। "बुढेसकालमा छोराको कमाइ खाउँला, सुखले बसौँला भनेको थिएँ", उनले भनिन्-"तर अहिले उसकै सम्झनामा बस्नुबाहेक केही भएन।" छोरा हराएको २७ वर्ष बितिसक्दा पनि कुनै पत्तो नलागेको भन्दै उनले राज्यसँग पनि असन्तुष्टि पोखिन्। "कुनै दिन छोरो घर फर्किएला भन्ने आशा अझै मरेको छैन।"-उनले भनिन्।

यस्तै, तुलसीपुर उपमहानगरपालिका-११ बेलगनारीकी निर्मला चौधरीको पीडा पनि उस्तै छ। उनका एक्ला छोरा विनोद चौधरी २०६० कात्तिक २ गतेदेखि सम्पर्कविहीन छन्। "एक्लो छोरा हो, घर आउँलाआउँला भन्दाभन्दै २५ वर्ष भइसक्यो", उनले भनिनन्- "अझै पनि आशा मरेको छैन, प्रतीक्षामा धेरै वर्ष बिते। आमा हुँ, कसरी भुल्न सक्छु र ?" दाङ दङ्गीशरण गाउँपालिका-३ चितानपुर निवासी हरिराम चौधरी पनि २०५९ सालदेखि बेपत्ता छन्। तुलसीपुरमा मल लिन भनी आएका चौधरी बेपत्ता भए पनि परिवारको आशा अझै मरेको छैन। "अझै पनि आउनुहुन्छ कि भन्ने लाग्छ।"-उनका भाइ सीताराम चौधरीले भने। यी त केही उदाहरणमात्रै हुन्। अझै पनि धेरै आमाहरूले वर्षौंदेखि यही पीडा भोगिरहेका छन्। द्वन्द्वका समयमा बेपत्ता भएका नागरिकको परिवार झिनो आशामा पीडादायी दिनहरू बिताइरहेका छन्। लामो समयसम्म बेपत्ता भएका आफन्तका परिवारले न्याय पाउन नसकेको र झन् पीडामाथि पीडा थपिएको सत्य अभिलेखकर्ता राष्ट्रिय सञ्जाल लुम्बिनीका संयोजक सीता चौधरीले बताइन्।

"कि सास चाहियो, कि लास चाहियो भनेर आवाज उठाउँदै आए पनि त्यसले सार्थकता पाउन सकेको छैन", उनले भनिन्-"हामीले न्यायका लागि धेरै आवाज उठायौँ तर हाम्रा पीडा ज्यूँकात्यूँ छन्, हाम्रो सुनुवाइ कतैबाट भएको छैन।" सरकारले अझै पनि बेपत्ता व्यक्तिको अवस्था के छ भन्ने कुरा पत्ता लगाउन नसक्दा पीडितपरिवारमा झन् पीडा थपिएको उनको भनाइ छ। पटकपटक बेपत्ता नागरिक खोजीका लागि सामान्य कार्यक्रम भए पनि वास्तविक अवस्था भने पत्ता लाग्न नसकेको भन्दै उनले दुःखेसो पोखिन्। सोह्रौँ अन्तरराष्ट्रिय बेपत्ता दिवसका अवसरमा शनिबार दाङको तुलसीपुरमा आयोजित अन्तर्क्रिया कार्यक्रमका सहभागीले आ-आफ्ना दुःख र पीडा सुनाए। हरेक वर्ष एक दिन बेपत्ता नागरिकको बारेमा छलफल हुने भए पनि हालसम्म अवस्था पत्ता नलाग्दा पीडा जहाँको तहीँ रहेको उनीहरूको भनाइ छ।

राज्यले तत्काल बेपत्ता नागरिकका बारेमा सत्यतथ्य सार्वजनिक गर्नुपर्ने उनीहरूको भनाइ छ।

## उद्योग व्यापार संघद्वारा बाढी प्रभावितलाई एक लाख ११ हजार

बुटवल। उद्योग व्यापार संघ बुटवलले रसुवामा बाढीका कारण प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनाका लागि १ लाख ११ हजार १ सय ११ रुपैयाँ सहयोग गरेको छ।

संघले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत उक्त रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सोमबार जम्मा गरेको हो। प्राकृतिक विपद्का कारण प्रभावित परिवारलाई राहत तथा पुनःस्थापनामा सहयोग पुगोस् भन्ने उद्देश्यले संघले आर्थिक सहयोग गरेको अध्यक्ष लोकनाथ पन्थीले जानकारी दिए।

अध्यक्ष पन्थीले विपद्को समयमा पीडित नागरिकको साथमा उभिनु सबैको साझा दायित्व भएको बताए। व्यवसायिक गतिविधिसँगै सामाजिक उत्तरदायित्वलाई पनि प्राथमिकतामा राख्दै संघले सहयोग गरेको उनको भनाइ छ।

उनले बाढीपहिरोजस्ता प्राकृतिक विपद्का कारण ज्यान गुमाएका परिवारप्रति समवेदना व्यक्त गर्दै प्रभावित नागरिकको तत्काल उद्धार, राहत वितरण र दीर्घकालीन पुनःस्थापनामा राज्यसँगै निजी क्षेत्र, व्यवसायी तथा सामाजिक संघसंस्थाको सहकार्य आवश्यक रहेको बताए।

संघले विपद्को कठिन समयमा सानो सहयोगले पनि पीडित परिवारलाई राहत र मनोबल प्रदान गर्न सक्ने विश्वास व्यक्त गरेको छ। मानवीय संवेदनालाई प्राथमिकतामा राख्दै पीडितको दुःखमा साथ दिने अभियानमा निजी क्षेत्र पनि निरन्तर जोडिनुपर्ने संघका महासचिव विजय आचार्यले बताए।

रसुवामा आएको बाढीका कारण जनधनको क्षति हुनुका साथै विभिन्न क्षेत्रमा भौतिक संरचना तथा जनजीवन प्रभावित भएको अवस्थामा संघको सहयोगले राहत तथा पुनःस्थापनाका प्रयासमा केही भए पनि योगदान पुग्ने अपेक्षा गरिएको छ।


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)
जिल्ला, नवलपरासी

**विषयः प्रमाणित सम्बन्धमा।**



प्रकाशित मितिः २०८३।०५।१६

**श्री जो जससँग सम्बन्धित छ।**

प्रस्तुत विषयमा जिल्ला नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम), सुनवल नगरपालिका वडा नं. ३ निवासी भारतीय सैनिक नं.JC-72386,6/5 G.R., Rank Sub Hon Lt का टेक बहादुर गुरुङ (ना.प्र.नं.७१५३, स्याङ्जा) को नेपाली नगारिकता प्रमाणपत्र र भारतीय पेन्सन पट्टामा निम्न बमोजिमको विवरण फरक परेता पनि व्यक्ति एउटै रहेको भनी सुनवल नगरपालिका, वडा नं. ३ को कार्यालयको चलानी नं.१६६, मिति २०८३/०४/२५ गतेको सिफारिस पत्रानुसार भारतीय पेन्सन प्रयोजनार्थ मात्र प्रमाणित गरिन्छ।

निम्न

| क्र.स. (नाता) | नेपाली नागरिकता प्रमाणपत्रमा उल्लेख भएको विवरण | भारतीय पेन्सन पट्टामा उल्लेख भएको विवरण |
|---|---|---|
| | जन्म मिति वि.सं/ (A.D.) | जन्म मिति (A.D.) |
| १ | ४३ वर्ष (वि.सं. २०३९/०४/२४ मा) | 27-11-1936 A.D. |

प्रमुख जिल्ला अधिकारी



**सुपा देउराली केवलकार प्रा. लि.द्वारा सुपा देउराली केवलकार आयोजना निर्माण तथा सञ्चालनको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

( प्रकाशित मितिः २०८३/५/१६)

लुम्बिनी प्रदेश, अर्घाखाँची जिल्ला, सन्धिखर्क नगरपालिका, वडा नं. ७ मा सुपा देउराली केवलकार प्रा.लि.द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम तथा ठेगाना | क) नामः श्री सुपा देउराली केवलकार प्रा.लि.<br>ख) ठेगानाः काठमाडौं महानगरपालिका वडा नं. ८, काठमाडौं जिल्ला, बागमती प्रदेश<br>ग) इमेलः supadeuralicablecar@gmail.com<br>घ) फोन नं.: ९८५१०३०८९० |
| प्रस्तावको व्यहोरा | क) कार्यान्वयन हुने स्थानः सन्धिखर्क नगरपालिका, वडा नं. ७<br>ख) प्रस्ताव बारे सामान्य जानकारी : कूल १८५१ मिटर लम्बाई रहेको केवलकार आयोजना ४.९७ हेक्टर राष्ट्रिय वन (सिताचुली म्यूडाँडा सामुदायिक वन ) क्षेत्रमा निर्माण तथा सञ्चालन हुने<br>(ग) लगानी रु. : १,८००,०००,०००,००/- (एक अर्ब असी करोड मात्र )<br>घ) लगानी किसिमः बैंक तथा बित्तिय संस्था तथा निजी लगानी |
| प्रभाव पर्न सक्ने जिल्ला / स्थानीय तह | लुम्बिनी प्रदेश, अर्घाखाँची जिल्ला, सन्धिखर्क नगरपालिका, वडा नं. ७ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक पक्ष, जैविक पक्ष, रसायनिक पक्ष, सामाजिक पक्ष, सांस्कृतिक पक्ष र आर्थिक पक्षहरुमा पर्ने प्रभाव यकिन गर्न सो स्थानको स्थानीय तह तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिनको लागि यो सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र सूचना टाँस भएको निकाय वा वन, वातावरण तथा पर्यटन मन्त्रालयमा वा निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगानाः**

१. श्री सन्धिखर्क नगरपालिका, अर्घाखाँची जिल्ला, लुम्बिनी प्रदेश
फोन नं.: +०७७-४२०११२ ईमेलः sandhikharkamunicipality@gmail.com
२. श्री सुपादेउराली केवलकार प्रा. लि., का.म.न.पा वडा नं. ८, काठमाण्डौं जिल्ला, बागमती प्रदेश फोन नं.: +९७७-९८५१०३०८९० ईमेलः supadeuralicablecar@gmail.com
३. श्री ग्रिनविच ईन्भाइरोमेन्टल एण्ड इन्जिनियरिङ्ग कन्सल्ट प्रा. लि., नयाँ बानेश्वर, काठमाडौं फोन नं.: +९७७-९८४१५३१५८२/९८४६४०४११८, ईमेलः geec.nepal@gmail.com


**९ सय...**

यता, पहिचान खुल्न नसकेका शवहरू विभिन्न जिल्लाका २१ अस्पतालमा राखिएको प्राधिकरणले जनाएको छ। शव पहिचान तथा व्यवस्थापनका लागि सम्बन्धित निकायले प्रक्रिया अघि बढाइरहेका छन्।

**प्रदेश ...**

बैठकले बाढी प्रभावित जिल्लाका विद्यमान समस्याहरूका बारेमा गहन छलफलका लागि सदन सुचारु गराउन पनि सरकारसँग आग्रह गरेको छ। कांग्रेसले बेपत्ता नागरिकको खोजी, उद्धार तथा घाइतेहरूको उपचार, विस्थापित घरपरिवारलाई पुनर्स्थापना र पीडितहरूको मनोपरामर्श कार्यलाई उच्च प्राथमिकतामा राख्नुपर्ने आवश्यकता पनि औंल्याएको छ।

'बाढीबाट क्षतिग्रस्त सडक, पुल, विद्युत्, सञ्चार तथा अन्य अत्यावश्यक पूर्वाधारको पुनःस्थापना गरी प्रभावित नागरिकको जनजीवन सामान्य बनाउन प्रभावकारी कदम चाल्न सरकारसँग आग्रह गर्दछौं।'-दलले भनेको छ।

कांग्रेसले बाढीका कारण देशको प्रमुख लाइफलाइनका रूपमा रहेको पृथ्वी राजमार्ग अवरुद्ध भई यातायात तथा आपूर्ति व्यवस्था प्रभावित हुने अवस्थालाई मध्यनजर गर्दै सुरक्षित र वैकल्पिक सडकको माध्यमलाई व्यवस्थापन गर्न र दैनिक उपभोग्य वस्तुको कृत्रिम अभाव, मूल्यवृद्धि तथा कालोबजारी हुन सक्ने सम्भावनाप्रति पनि सरकारको ध्यानाकर्षण गराएको छ।

'यस परिस्थितिमा दैनिक उपभोग्य वस्तुको सहज र नियमित आपूर्ति सुनिश्चित गर्न, कृत्रिम अभाव तथा कालोबजारी नियन्त्रण गर्न र बजार अनुगमनलाई कडाइ गर्न सरकारसँग माग गर्दछ।'- प्रमुख सचेतक बासना थापाले निर्णय सार्वजनिक गर्न जारी गरेको विज्ञप्तिमा भनिएको छ।

**रूख ...**

अख्तियारले सडक डिभिजन कार्यालय दाङका प्रमुख रामपुकार जयसवाल र तत्कालीन वन अधिकृत राजु क्षेत्रीविरुद्ध जनही ८१ लाख ३७ हजार ९ सय रुपैयाँ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐनअनुसार कैद, बिगोबमोजिम जरिवाना तथा बिगो असुलउपरको मागदाबी गरेको छ।

यस्तै, राप्ती गाउँपालिकाका अध्यक्ष विष्टविरुद्ध ५८ लाख ४५ हजार ८२५ रुपैयाँ, वडा नम्बर १ का वडाध्यक्ष गेमे खड्काविरुद्ध ३ लाख ७१ हजार रुपैयाँ र वडा नम्बर ४ का वडाध्यक्ष वीरबहादुर चौधरीविरुद्ध १ लाख ४१ हजार २२६ रुपैयाँ बिगो कायम गरिएको छ। त्यस्तै, अभिमान चौधरीविरुद्ध ७३ हजार ६४६ रुपैयाँ, नन्दु गिरीविरुद्ध ३० हजार ९७० रुपैयाँ, राप्ती गाउँपालिका-२ का झविन्द्रप्रसाद भण्डारीविरुद्ध १ लाख ४१ हजार २२६ रुपैयाँ र लमही नगरपालिका-२ का केशरबहादुर चौधरीविरुद्ध ३६ हजार ६१० रुपैयाँ बिगो कायम गरी बिगोबमोजिम जरिवाना तथा बिगो असुलउपरको मागदाबी लिइएको आयोगले जनाएको छ।

अख्तियारले २०७९ मंसिरको अन्तिम सातादेखि पुसको पहिलो सातासम्म रुख कटान गरी काठ गायब पारिएको भन्ने उजुरीका आधारमा अनुसन्धान अघि बढाएको थियो। अनुसन्धानका क्रममा सडक क्षेत्राधिकारभित्रका रुख कानुनी प्रक्रिया पूरा नगरी कटान तथा ओसारपसार गरिएको र त्यसबाट सरकारी सम्पत्तिमा क्षति पुगेको पुष्टि भएको आयोगको दाबी छ।

**सुस्ता...**

सुस्तामा निर्माण गरिएको बाँध यसअघि पनि नेपाल-भारतबिच विवादको विषय बन्दै आएको थियो। स्थानीयका अनुसार गत जेठ १९ गते भारतीय सुरक्षाकर्मीले विवादित क्षेत्रमा बाँध निर्माण नगर्न भनेका थिए।

नदी कटान नरोकिए सुस्तामा थप खेतीयोग्य जमिनसँगै बस्तीसमेत विस्थापित हुने जोखिम रहेकाले तत्काल तटबन्ध संरक्षण, कटान नियन्त्रण तथा प्रभावित परिवारको उद्धार र राहतमा ध्यान दिन स्थानीयले सरकारसँग माग गरेका छन्।


**जिल्ला प्रशासन कार्यालय, रूपन्देही**

**विषयः प्रमाणित सम्बन्धमा**

**श्री जो जससंग सम्बन्ध छ।**





**जिल्ला रुपन्देही ओमसतिया गाउँपालिका वडा नं. ०१ बस्ने गणेश बहादुर श्रेष्ठले आफु भारतीय भू.पु. सैनिक नं. ६१७६९२N सुवेदार पदको पेन्सनर रहेकोमा निजले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर गणेश बहादुर श्रेष्ठ र जन्ममिति वि.सं. २०२२/०२/२३ र पेन्सन अभिलेखमा आफ्नो नामथर गणेश बहादुर राना र जन्ममिति ई.सं. १९६५/०५/२८ (वि.सं. २०२२/०२/१५) उल्लेख भएको साथै निजको पत्नीले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर सुर्य कुमारी श्रेष्ठ र जन्ममिति वि.सं. २०२६/१०/२० (ई.सं.) र पेन्सन अभिलेखमा पत्नीको नामथर सुर्य कुमारी राना र जन्ममिति ई.सं. १९६९/०१/०४ (वि.सं. २०२५/०९/२१) उल्लेख भई आफु र आफ्नो पत्नीको नामथर र जन्ममिति फरक परेता पनि व्यक्ति फरक नभई एकै रहेको व्यहोरा प्रमाणित गरीपाउ भनी यस कार्यालयमा निवेदन पेश गर्नु भएकोमा सम्बन्धित ओमसतिया गाउपालिका ०१ नं. वडा कार्यालयको च.नं. २८ मिति २०८३/०४/१२ को सिफारिस पत्रबाट समेत लेखि आएकोले सोहि व्यहोरा पेन्सन प्रयोजनका लागि प्रमाणित गरिएको छ।**

प्रमुख जिल्ला अधिकारी



नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय भूमि व्यवस्थापन तथा अभिलेख विभाग

**भूमि प्रशासन कार्यालय**

तौलिहवा, कपिलवस्तु

**भूमि प्रशासन कार्यालय कपिलवस्तु तौलिहवाबाट प्रकाशित हकदाबी सम्बन्धि ३५ दिने सार्वजनिक सूचना**

मितिः २०८३/०५/१६

जिल्ला कपिलवस्तु मायादेवि गाँउपालिका वार्ड न २ वस्ने अकालवुन मु मृतक जग्गाधनि (पति) हसन रजाको मिति २०५७।०१।१५ मा मृत्यु भएको। निज मृतक जग्गाधनिको जिवित छदाँ निजको औसघोपचार, पालन पोषण, तिर्थव्रत र मृत्यु पश्चात काजकिया दान धर्म गरेको भनि मायादेवि गाँउपालिको २ को च.न १२० मिति २०८३।०४।१९ को सिफारिस, जग्गाधनि प्रमाणपत्र, नागरिकता, तिरो मृत्युदर्ता च.न १२४ मिति २०८३।०४।२० को नाता प्रमाणित समेतका कागजात सलग्न राखि नामसरि माग गरेकोमा उक्त जग्गाको श्रेस्ता खोजि गर्दा नभेटिएकोले र अन्य कोहि हकदार भए नभएको विषयमा हसन रजा मुसलमानको नाँउमा यो ३५ दिने सार्वजनिक सुचना सुचना प्रकाशित गरिएको छ सो म्यादभित्र निज निवेदक भन्दा नजिकको अन्य कोहि हकदार भए वा उक्त जग्गामा कहि कतै वादविवाद भै झगडा भए वा उक्त जग्गामा नेपाल सरकारको सरकारि प्रति जङगल वा अन्य कुनै जग्गा घुसेको भए सुचना प्रकाशित भएको मितिले वाटोको म्याद वाहेक ३५ दिनभित्र यस कार्यालयमा स-प्रमाण दावी पेश गर्नुहोला अन्यथा म्यादभित्र कुनै दावी विरोध / उजुरि नपरेमा प्रचलित कानुन वमाजिम मृतकको नाँउमा श्रेस्ता कायम गरि निवेदकको नाँउमा नामसरि भैजाने ब्यहोरा जानकारी गराइन्छ।

तपशिल

| साविक गा.वि.स | वडा न | कि.न | क्षेत्रफल | मृतक जग्गाधनि | निवेदक |
|---|---|---|---|---|---|
| अभिराव | १ | २२१ | ०-०-१५ | हसन रजा | अकालवुन मु. |
| अभिराव | २ | ७५ | ०-३-२-० | हसन रजा | अकालवुन मु. |
| अभिराव | २ | ८३ | ०-१-८ | हसन रजा | अकालवुन मु. |
| अभिराव | २ | ५२९ | ०-२-३ | हसन रजा | अकालवुन मु. |

भूमि प्रशासन अधिकृत



# Sainamaina Municipality

Office of Municipal Executive, Buddhanagar, Rupandehi

## Invitation for Bids

Date of publication: 2083/05/16

1. **Sainamaina Municipality** invites sealed bids from Nepalese eligible bidders for following bidsunder National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Sainamaina Municipality, Rupandehi,** *sainamainamunicipality@gmail.com,* 071-440553.
3. A complete set of Bidding Documents may be purchased from the municipality office by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of **3000** till **2083/06/05 during office hours** in the account as specified below.

**Information to deposit the cost of bidding document in Bank:**
Name of the Bank: Agricultural Development Bank Ltd, Parroha Sakha
Name of Office: Sainamaina Municipality Office
Office Account no.: Internal Revenue Account
A/C No. 0414201659915011

4. Pre-bid meeting shall be held at Sainamaina Municipal Office, Rupandehi at 1:00 P.M and 2083/05/26.
5. Sealed bids must be submitted to the office on or before **12:00 Noon** on **2083/06/06.** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **1:00 P.M** on **2083/06/06** at the office of **Sainamaina Municipality.** Bids must be valid for a period of 90 days from the bid submission deadline and must be accompanied by a bid security amounting to a minimum of following amount**shall be deposited in the bank A/C no. 0414201149244015** of **Agricultural Development Bank Ltd, Parroha Sakha** which shall be valid for 30 days beyond the validity period of the bid i.e. **2027/01/19 A.D.**
7. If the last date of purchasing and submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

| Contract No. | Brief Description of Works | Estimated Cost (Without VAT and Cont) | Bid Security (Rs.) |
|---|---|---|---|
| NCB/09/081-82 | Road Infrastructure Works at Different Places of Ward No. 5 | Rs.37,62,871.20 | 1,05,000 |
| NCB/10/081-82 | Rural Road Pavement Works including Drainage at Several Wards | Rs.1,29,68,035.52 | 3,85,000 |
| NCB/11/081-82 | Road Infrastructure Works at Different Places of Ward No. 7 | Rs.59,19,458.55 | 1,75,000 |




**युनियनद्वारा तीन पत्रकार पुरस्कृत:**
नेपाल प्रेस यूनियन रुपन्देहीद्वारा स्थापित जीपी कोइराला पत्रकारिता पुरस्कारबाट विक्रम खड्का र रेखा भुसाल तथा शिक्षा पत्रकारिता पुरस्कारबाट छवि पाण्डे पुरस्कृत भएका छन्। युनियनको १०औं अधिवेशनका अवसरमा उनीहरु पुरस्कृत भएका हुन्।

# बाढी प्रभावितलाई शाइन रेसुङ्गा बैंकद्वारा ६५ लाख सहयोग



बुटवल। भोटेकोसी नदीमा आएको विनासकारी बाढीबाट प्रभावित नागरिकहरुको राहत तथा पुनर्स्थापनाका लागि शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडले ६५ लाख रुपैयाँ आर्थिक सहयोग गरेको छ। बैंकले प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा बैंकको तर्फबाट ५५ लाख र कर्मचारीहरुको तर्फबाट १० लाख गरी कूल ६५ लाख रुपैयाँ आर्थिक सहयोग गरेको हो।

प्राकृतिक विपतका कारण रसुवा, नुवाकोट, धादिङ, गोरखा, तनहुँ, चितवनलगायतका जिल्लाहरुमा मानवीय तथा भौतिक क्षति र नागरिकहरुको दैनिक जीवन प्रभावित भइरहेको अवस्थामा राहत तथा पुनर्स्थापना कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले सो कोषमा रकम सहयोग गरेको बैंकले जनाएको छ।

'विपतको कठिन घडीमा प्रभावित नागरिकहरुको साथमा रहँदै खोजी, उद्धार, राहत तथा पुनःस्थापनाका कार्यमा सरकार र सम्बन्धित निकायहरुलाई सहयोग पुऱ्याउने मानवीय कार्यमा बैंकले ऐक्यबद्धता जनाएको हो।'- बैंकले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ।

बैंकले बाढीमा परी दिवंगत भएका नागरिकहरुप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गरेको छ। साथै, बाढीमा परी हालसम्म पनी सम्पर्कमा नआएका नागरीकहरुको सकुशल उद्धार एवं घाइतेहरुको सिघ्र स्वास्थ्य लाभको कामना गरेको छ।

शाइन रेसुंगा बुटवलमा केन्द्रीय कार्यालय रहेको एक मात्र राष्ट्रियस्तरको विकास बैंक हो। बैंकले संस्थागत सामाजिक उत्तरदायित्व वहनमा आफूलाई सधैं अगाडि उभ्याउँदै आएको छ। प्राकृतिक विपद होस् वा समुदायको आवश्यकता सबै क्षेत्रमा बैंकले सबै पक्षलाई सक्दो साथ र सहयोग गर्दै आएको छ।

# सुपादेउरालीमा केबलकार निर्माणका लागि सार्वजनिक सुनुवाइ



**अनिल नेपाली**
*अर्घाखाँची*

अर्घाखाँचीको पर्यटकीय स्थलको विकास तथा प्रवर्द्धन गर्ने उद्देश्यले सन्धिखर्क नगरपालिका-७ स्थित सुपादेउरालीमा केबलकार निर्माणका लागि सरोकारवाला र स्थानीयबिच सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भएको छ। सन्धिखर्क नगरपालिका-७ को सुपादेउराली पचासेदेखि मसिना लेखसम्म जोड्ने गरी केबलकार निर्माणका लागि प्रारम्भिक अध्ययन सुरु गरिएको सुपादेउराली केबलकार प्रालिका अध्यक्ष बालकृष्ण शिवाकोटीले जानकारी दिए। उनका अनुसार स्थानीय रोजगारी सिर्जना गर्दै आत्मनिर्भर बनाउने तथा पर्यटकीय सौन्दर्यका दृष्टिले महत्वपूर्ण सुपादेउरालीमा आउने पर्यटकलाई जिल्लाको पहिचानसँग जोड्ने उद्देश्यले केबलकार निर्माण गर्न लागिएको हो।

प्रस्तावित केबलकार समुद्री सतहबाट करिब एक हजार नौ सयदेखि दुई हजार एक सय मिटरको उचाइसम्म निर्माण हुनेछ। आयोजनामा १४ वटा टावर र १७ वटा डिब्बा रहनेछन्। केबलकार निर्माणका लागि करिब रु एक अर्ब ८० करोड लागत अनुमान गरिएको अध्यक्ष शिवाकोटीले बताए। सञ्चालक तथा स्थानीय खेमप्रसाद घिमिरेले सुपादेउरालीमा आउने पर्यटकलाई सुरक्षित बासस्थानसहित जिल्लाका अन्य पर्यटकीयस्थलसँग जोड्न र स्थानीय उत्पादनलाई पर्यटनसँग जोडेर स्थानीयवासीलाई आत्मनिर्भर बनाउन केबलकारले महत्वपूर्ण भूमिका खेल्ने जनाए।

उनका अनुसार स्थानीयलाई प्राथमिकतामा राखी शेयर लगानीको वातावरण सिर्जना गरिनेछ। आयोजनामा स्थानीय ५० देखि ६० जना युवालाई प्रत्यक्षरूपमा जोड्ने योजना रहेको उनले बताए। कार्यक्रममा सन्धिखर्क नगरपालिकाका नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले सुपादेउराली पर्यटकीय तथा अन्य दृष्टिले समेत महत्वपूर्ण क्षेत्र भएकाले यहाँ आउने पर्यटकलाई जिल्लाको पहिचानसँग जोडेर सम्भावनायुक्त पर्यटकीय गन्तव्यका रूपमा विकास गर्नुपर्ने उल्लेख गरे। उनले स्थानीय जनताको प्रत्यक्ष सहभागितामा आयोजना अगाडि बढाउनुपर्नेमा जोड दिँदै लागत साझेदारी र स्थानीय सहभागिताबाट मात्रै आयोजना सम्भव हुने बताए। केबलकार निर्माणमा लगानी गर्न बालकृष्ण शिवाकोटीलगायतको समूह इच्छुक रहेकाले सबै पक्षले सकारात्मक भूमिका निर्वाह गर्नुपर्ने उनको भनाइ थियो।

**यस्तो बन्दैछ केबलकार**

केबलकारमा पहिलो चरणमा आठ जना यात्रु बस्न सक्ने १७ वटा डिब्बा सञ्चालनमा ल्याइनेछ। यात्रुको चाप बढ्दै गए आवश्यकताअनुसार डिब्बा थप गर्दै लैजाने कम्पनीको योजना छ। केबलकारको यात्रा करिब सातदेखि १० मिनेटको हुने र यात्राका क्रममा हिमाली दृश्य तथा वरपरका मनोरम भू-दृश्य अवलोकन गर्न सकिने प्राविधिक इञ्जिनियर गणेश पाठकले बताए।उनका अनुसार केबलकारबाट सुपादेउराली मन्दिरसँगै तराई क्षेत्रको दृश्यावलोकन गर्न सकिनेछ। साथै चिल्ड्रेन पार्क, कफी सप, विभिन्न मनोरञ्जनात्मक खेल तथा अन्य पर्यटकीय पूर्वाधार निर्माण गर्ने योजना रहेको छ। उद्गमस्थलदेखि गन्तव्यस्थलसम्म जीपीएस प्रणालीसहितको प्राविधिक अध्ययन तथा मार्किङको काम भइरहेको र विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार गरी आयोजना अगाडि बढाइने उनले जानकारी दिए। स्थानीय बासिन्दालाई प्रत्यक्ष लाभान्वित हुने गरी आयोजना अगाडि बढाइने वातावरणीय विज्ञ सरोज नेपालले बताए। स्थानीय जनताको प्रत्यक्ष लागत सहभागिता सुनिश्चित गरेर त्यसका आधारमा वातावरणीय अध्ययन तथा प्रतिवेदन तयार गरी आयोजना अगाडि बढाइने उनको भनाइ छ।

**दुई वर्षमा कानुनी प्रक्रिया पूरा गर्ने योजना**

सुपादेउराली केबलकार प्रालिका अनुसार स्थानीय जनताको सहभागिता र प्रत्यक्ष लागत साझेदारीमा आयोजना अगाडि बढाइनेछ। आवश्यक कानुनी प्रक्रिया पूरा गरी आगामी दुई वर्षमा आयोजनाको कामलाई गति दिने कम्पनीको योजना छासन्धिखर्क नगरपालिका-७ का वडाध्यक्ष चुराबहादुर केसीले अर्घाखाँचीका लागि केबलकार नयाँ र नौलो परियोजना भएकाले यसको सफलताका लागि सबै पक्षको महत्वपूर्ण भूमिका रहने बताए। उनले सुपादेउरालीलाई नेपालका साथै भारतलगायत अन्य देशबाट आउने पर्यटकका लागि समेत आकर्षक गन्तव्यका रूपमा विकास गर्न सकिने जनाए। बाह्य पर्यटकलाई आकर्षित गर्न सके यसले स्थानीय अर्थतन्त्रमा समेत सकारात्मक प्रभाव पार्ने उनको भनाइ थियो।

# बाढी प्रभावितलाई बुस्टर फिडद्वारा १५ लाख १० हजार सहयोग




बुटवल। बाढी तथा पहिरोबाट प्रभावित नागरिकको राहत तथा उद्धारका लागि रुपन्देहीको सियारीमा रहेको बुस्टर फिड इन्डस्ट्रिज प्रा.लि.ले १५ लाख १० हजार ५ सय ५५ रुपैयाँ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरेको छ। कम्पनीले सोमबार नबिल बैंकमार्फत् उक्त रकम कोषमा हस्तान्तरण गरेको हो। बाढीपहिरोबाट रसुवासहित देशका विभिन्न क्षेत्रमा ठूलो जनधनको क्षति भएको अवस्थामा प्रभावित परिवारको राहतका लागि कम्पनीले सहयोग गरेको जनाएको छ।

कम्पनीका अध्यक्ष गोपाल टण्डनले विपद्को समयमा प्रभावित नागरिकको पीडामा निजी क्षेत्र पनि सँगै उभिनुपर्ने बताए। "देशका विभिन्न ठाउँमा बाढीपहिरोका कारण नागरिकले ठूलो दुःख र क्षति व्यहोर्नुपरेको छ, यस्तो कठिन समयमा व्यवसायभन्दा माथि उठेर मानवीय दायित्व पूरा गर्नु हाम्रो जिम्मेवारी हो, प्रभावित परिवारको राहतमा केही भए पनि योगदान पुगोस् भन्ने उद्देश्यले यो सहयोग गरेका हौं।"- टण्डनले भने।

उनले विपद्को समयमा सरकारको उद्धार तथा राहत अभियानलाई सहयोग गर्न निजी क्षेत्र, उद्योगी व्यवसायी तथा आम नागरिक सबैलाई आफ्नो क्षमताअनुसार सहयोग गर्न आग्रह गरे। बुस्टर फिड लुम्बिनी प्रदेशकै पुरानो र अग्रणी दाना उद्योग हो।

# होराइजन जीबीएसद्वारा ५ लाख ५५ हजार सहयोग



बुटवल। तिलोत्तमा-१, रुपन्देहीस्थित होराइजन गौतमबुद्ध माध्यमिक विद्यालयले बाढी तथा विपद्बाट प्रभावित परिवारको राहतका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु. ५ लाख ५५ हजार ५ सय ५५ रुपैयां सहयोग गरेको छ।

विद्यालयका तर्फबाट रु. ५ लाख ५५ हजार ५ सय ५५ र इन्टरऱ्याक्ट क्लब अफ होराइजन जीबीएसका तर्फबाट रु. २५ हजार गरी उक्त रकम कोषमा जम्मा गरिएको विद्यालयले जनाएको छ।

विद्यालयका प्राचार्य गोपालप्रसाद आचार्यले विपद्का कारण ज्यान गुमाएकाप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारप्रति समवेदना व्यक्त गरेका छन्। साथै विपद्पीडितको उद्धार, उपचार, राहत तथा पुनःस्थापनामा सबैले सहयोग गर्न आह्वान गरेका छन्।

# तिज कार्यक्रम रद्ध गरेर बाढी प्रभावितलाई सहयोग




बुटवल। स्याङ्जाको गल्याङ नगरपालिका स्थायी घर भई रुपन्देहीमा बसोबास गर्दै आएका नागरिकहरूको संस्था गल्याङ - रुपन्देही सम्पर्क समाजले तिज विशेष कार्यक्रम स्थगित गर्दै विपद् प्रभावितको राहतका लागि ५१ हजार १ सय रुपैयाँ सहयोग गर्ने निर्णय गरेको छ।

समाजको सोमबार बसेको छलफलले यही भदौ १७ गते आयोजना गर्ने तय भएको तिज विशेष कार्यक्रम देशमा देखिएको विषम परिस्थितिलाई मध्यनजर गर्दै स्थगित गर्ने निर्णय गरेको हो। कार्यक्रमका लागि छुट्याइएको रकममध्ये रु. ५१ हजार १ सय प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय गरिएको समाजले जनाएको छ।

समाजका अध्यक्ष जनक श्रेष्ठले चाडपर्व मनाउनेभन्दा विपद्मा परेका नागरिकको पीडामा साथ दिनु अहिलेको प्राथमिकता भएको बताए। उनले भने- 'देश कठिन परिस्थितिबाट गुज्रिरहेको अवस्थामा हामीले उत्सवभन्दा मानवीय सहयोगलाई प्राथमिकता दिएका हौं, तिज कार्यक्रम स्थगित गरेर विपद् प्रभावित नागरिकको राहतमा थोरै भए पनि योगदान गर्न पाउँदा संस्थालाई जिम्मेवार सामाजिक दायित्व पूरा गरेको अनुभूति भएको छ।"

श्रेष्ठले विपद्को समयमा सबैले आफ्नो क्षमताअनुसार सहयोग गर्दै प्रभावित परिवारको दुःखमा साथ दिनुपर्ने बताए। समाजले आगामी दिनमा पनि आवश्यकता र परिस्थितिअनुसार सामाजिक तथा मानवीय कार्यलाई निरन्तरता दिने जनाएको छ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस !
आइडिया
डिजाइनर्स/
अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com







सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com